## गैरआवासीय नेपाली संघ चौथो अन्तर्राष्ट्रिय महाधिवेशन तयारी उप-समिती

## राष्ट्रिय समन्वय परिषद लाई जारी गरिएको जरुरी सूचना

श्रीमान् राष्ट्रिय समन्वय परिषद अध्यक्षज्यू

२००९ अक्टोवर १३-१५ तारिखमा काठमाण्डौमा सम्पन्न हुन लागेको गैरआवासीय नेपाली संघ (एनआरएनए)को चौथो अन्तर्राष्ट्रिय महाधिवेशनको तयारीका संवन्धमा निम्न लिखित कार्यहरु गर्न र गराउनु हुन यसै पत्र मार्फत अनुरोध गरिन्छ।

(१) महाधिवेशनको तयारीका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद (आईसिसि)ले राष्ट्रिय समन्वय परिषद अध्यक्ष पदेन सदस्य रहने गरी एक महाधिवेशन तयारी उप-समिती गठन गरेको छ। सदस्यको जिम्मेवारीलाई स्विकार गरी महाधिवेशनलाई सफलता पूर्वक सम्पन्न गर्ने सहयोग गर्ने।

(२) यस साथ समावेश भएको terms of reference मा दिएको अधिकार क्षेत्र र समयतालिकामा रही महाधिवेशनको तयारी गर्ने।

(३) सेप्टेम्वर १ तारिख सम्म राष्ट्रिय अधिवेशन सम्पन्न गरी आगामी २ वर्षको लागी अन्तर्राष्ट्रिय समन्वय परिषदको सदस्य हुने व्यक्तिको निर्वाचन गर्ने (राष्ट्रिय अधिवेशन सम्वन्धी नियमावली यसैसाथ समावेश गरिएकोछ)। अप्रिल १५ ताखिक सम्म राष्ट्रिय अधिवेशनको मिति निर्धारण गरी यसको जानाकरी महाधिवेशन तयारी उपसमितीलाई पठाउने।

(४) यसै राष्ट्रिय अधिवेशनबाट एनसिसिको नयाँ कार्यसमितीको चयन गर्न पहल गर्ने। नयाँ कार्यसमितीको निर्वाचन गर्न पर्ने स्थिति नभएमा यसको कारण जानाकारी गराई यसै अधिवेशनबाट २०११ सालमा हुने विश्व सम्मेलनसँग मेलखाने गरी राष्ट्रिय अधिवेशनको समय तालिका मिलाउने।

(५) राष्ट्रिय समन्वय परिषदमा पञ्जीकृत सदस्यहरुको विवरण, एक पञ्जीकृत सदस्य बराबर तीन अमेरिकी डलर शुल्क तथा राष्ट्रिय अधिवेशनबाट निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको विवरण सेप्टेम्वर १० तारिख सम्म गैरआवासीय नेपाली संघको सचिवालय, काठमाडौंमा पुग्ने गरी पठाउने।

(६) दश जना पञ्जीकृत सदस्य बराबर एक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गरी प्रतिनिधिको विवरण सेप्टेम्वर १० सम्म उपलव्ध गराउने। प्रतिनिधि छनोट प्रकृया यस पत्रसाथ पेश भएको "राष्ट्रिय अधिवेशन सम्वन्धी नियमावली"मा उल्लेख गरिएकोछ।

(७) माथि उल्लेखित विवरण समिति (nrnaga09@googlemail.com) र काठमाडौ स्थीति सचिवालय (nrn@nrn.org.np) मा पठाउने।

(८) महाधिवेशन सम्वन्धी कुनै प्रश्न भएमा संयोजक भिम उदास (bhim.udas@gmail.com), वा सहसंयोजक डा हेम राज शर्मा (hem_raj_sharma@hotmail.com) लाई पत्राचार गर्न सकिनेछ।

वोधार्थ:

चौथो विश्व सम्मेलन तयारी मूल समिती
अन्तर्राष्ट्रिय समन्वय परिषद पदाधिकारी/सदस्य
एनआरएन काठमाडौ सचिवालय

समावेश गरिएका डकुमेन्टहरु (आईसिसिबाट पारित):

महाधिवेशन तयारी उप-समितीको terms of reference
राष्ट्रिय अधिवेशन सम्वन्धी नियमावली

भवदिय,

भिम उदास
संयोजक, महाधिवेशन तयारी उप-समिती

डा हेम राज शर्मा
सहसंयोजक, महाधिवेशन तयारी उप-समिती

मिति २००९ मार्च २०